लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. २०८०।०८१
च.नं.

मितिः२०८०/१०/२६

## आगामी आ.व. २०८१/०८२ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संसोधन २०७८ सहित) को दफा १८ को आधारमा आगामी आ. व. २०८१/०८२ मा यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिनको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी जनजाति, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका बेरोजगार व्यक्तिहरूले यहि फागुन १ गते देखि फागुन मसान्त (२०८०/११/०१ देखि २०८०/११/३०) सम्म आफूले स्थायी बसोवास गरेको वडाको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन तपशिलको कागजात सहित अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः**

१. एक आर्थिक बर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको।

२. एक आर्थिक बर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको।

३. १८ देखि ५९ बर्ष उमेर समूहको।

४. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।

**आवश्यक कागजातहरुः**

१. निवेदकको नागरिकताको प्रतिलिपि १ थान।

२. पासपोर्ट साइजको फोटो १ प्रति

३. परिवारका सबै सदस्यहरुको नागरिकताको फोटोकपी १/१ प्रति

४. विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि/बसाईसराई प्रमाणपत्र (नागरिकता जारी जिल्ला फरक भएमा)।

५. निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भए सो पुष्टि गर्ने प्रमाणपत्र

आवेदन फाराम वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट पनि प्राप्त गर्न सकिने छ।

**पुनश्चः सूचीकृत भैसकेका व्यक्तिहरुले पनि नविकरण गर्नुपर्ने भएकोले माथि उल्लेखित मिति भित्र वडा कार्यालयमा सम्पर्क गरि नयाँ फाराम भर्नुपर्नेछ।**

थप जानकारीको लागि रोजगार सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ।

शेर सिंह रावत
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

इमेल:likhu.nuwakot@gmail.com, info@likhumunnuwakot.gov.np वेबसाइटः likhumunnuwakot.gov.np